# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : २०८२/०८३
चलानी नम्बर : २४४८

मितिः २०८३/०२/२५

ने.सं. ११४६, अनलागा,अधिक ज्येष्ठ कृष्ण अष्टमी

विषय: उत्कृष्ट विद्यालय तथा शिक्षक पुरस्कारका लागि स्वमूल्याङ्कन सहित दाबी पेश गर्ने सम्बन्धमा।

श्री सम्पूर्ण विद्यालयहरू, मालारानी गाउँपालिका, अर्घाखाँची ।
श्री सम्पूर्ण शिक्षकहरू, मालारानी गाउँपालिका, अर्घाखाँची ।

प्रस्तुत विषयमा सामाजिक विकास डिभिजन कार्यालय, कपिलवस्तुको मिति २०८३।०२।२१ गतेको निर्णय को यस कार्यालयमा मिति २०८३/०२/२५ गते प्राप्त पत्रानुसार आ.व. २०८२।०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत "उत्कृष्ट शिक्षक, कर्मचारी तथा शैक्षिक संस्थाहरुलाई प्रोत्साहन कार्यक्रम संचालन मार्गदर्शन, २०७८" बमोजिम यस पालिकाबाट उत्कृष्ट विद्यालय र उत्कृष्ट शिक्षक छनौट गरी सिफारिस गर्नुपर्ने भएकोले सोही प्रयोजनका लागि उक्त मार्गदर्शनको दफा ८ को उपदफा (१) मा तोकिएको उत्कृष्ट विद्यालय छनौटका आधारहरू र उपदफा (२) मा तोकिएको उत्कृष्ट शिक्षक छनौटका आधार तथा सूचकहरू बमोजिम तहाँ विद्यालय र कार्यरत इच्छुक शिक्षकहरूले स्वमूल्याङ्कन गरी कुल प्राप्ताङ्क फाराम भरेर पुरस्कारको दाबीका लागि देहाय बमोजिमका कागजात तथा विवरणहरूसहित स्पष्ट खुलाई मिति २०८३/०२/२८ गतेभित्रमा अनिवार्य रूपमा यस कार्यालयमा दर्ता गराइसक्नुहुन अनुरोध छ । तोकिएको म्याद नाघि आएका आवेदनहरूलाई छनौट प्रक्रियामा समावेश नगरिने र आवेदनहरूलाई यस कार्यालयबाट समेत परीक्षण गरी छनौट तथा सिफारिस गरिने व्यहोरा समेत यसै पत्रद्वारा सूचित गरिन्छ ।

संलग्न गर्नुपर्ने विवरण तथा कागजातहरू:

१) मार्गदर्शनको अनुसूची बमोजिम विद्यालय र शिक्षकको छुट्टाछुट्टै स्वमूल्याङ्कन फाराम (प्राप्ताङ्क सहित) ।

२) उत्कृष्ट विद्यालय दाबीका लागि: शैक्षिक सत्र २०८२ को विद्यार्थी संख्या, शिक्षक दरबन्दी विवरण, पछिल्लो ३ वर्षको SEE को औसत GPA, दलित विद्यार्थी प्रतिशत र विगतमा पुरस्कार पाए/नपाएको प्रमाणित कागजात, विद्यालयले गरेका प्रवर्द्धनात्मक कार्यको पुष्ट्याँईको कागजात, शैक्षिक सत्र २०८२ को औषत सिकाइ उपलब्धिको प्रमाणित कागजात, शैक्षिक सत्र २०८२ को गणित विषयको औषत ग्रेड प्वाइन्टको प्रमाणित ।

३) उत्कृष्ट शिक्षक दाबीका लागि: कार्य अनुभव पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अध्यापन गराएको विषयको ३ वर्षको GPA, विशेष जिम्मेवारीको पत्र, अध्ययन अनुसन्धान,प्रवर्द्धनात्मक कार्य, ICT प्रयोगसम्बन्धी प्राविधिक पुष्ट्याईँ आदि ।

४) पुरस्कार दाबीका लागि विद्यालय व्यवस्थापन समिति (विव्यस) को निर्णयको प्रतिलिपि ।

२०८३।२।२५

रमेश पन्थी
वरिष्ठ शिक्षा अधिकृत

रमेश पन्थी
वरिष्ठ शिक्षा अधिकृत

उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्ड (शैक्षिक सत्र २०८२ को विद्यार्थी संख्यालाई आधार मान्नुपर्छ)

| क्रसं | विवरण | आधार | पूर्णाङ्क | प्राप्तांक |
|---|---|---|---|---|
| १ | विद्यार्थी संख्या | शैक्षिक सत्र २०८२ को विद्यार्थी संख्या ५०० सम्मको २ अङ्क, ७०० सम्मको ५ अङ्क, १००० सम्मको ७ अङ्क र १००० भन्दा माथि १० अङ्क | १० | |
| २ | शिक्षक दरबन्दी | दरबन्दी र राहत शिक्षक अनुसार विद्यार्थी अनुपात ३० भन्दा कम भए ४ अङ्क, ४० भन्दा कम भए ५ अङ्क, ५० भन्दा कम भए ६ अङ्क, ५० देखि ६० सम्म ८ अङ्क र सो भन्दा माथि भए १० अङ्क | १० | |
| ३ | एस ई ई / जीपीए | ३ वर्षको औसत जीपीए १.५ सम्म भए १०, २ सम्म भए १५ र २ भन्दा माथि भए २० अंक | २० | |
| ४ | मानव विकास सूचकाङ्क | जिल्लागत औसत वा सो भन्दा माथि भए ५ अंक, जिल्लागत औसत भन्दा कम हुनेले १० अंक | १० | |
| ५ | प्रवर्धनात्मक कार्यहरु शिक्षण सिकाईसँग सम्बन्धित | विद्यालयले गरेका प्रवर्धनात्मक काम सङ्ख्या बढीमा ५ वटा ५ अङ्क (प्रति प्रवर्द्धनात्मक १ अङ्क) | ५ | |
| ६ | क्षेत्र | नगरपालिका भएमा ५ र गाउँपालिका भए १० | १० | |
| ७ | दलित विद्यार्थी | २० प्रतिशत सम्म भए ५ अङ्क, ३० प्रतिशत सम्म भए ७ अङ्क र ३० प्रतिशत भन्दा माथि भए १० अङ्क | १० | |
| ८ | पुरस्कार | संघीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा प्रदेश सामाजिक विकास मन्त्रालयबाट यसपूर्व उत्कृष्ट विद्यालयको रुपमा पुरस्कार पाएकोमा ५ अङ्क र नपाएकोमा १० अङ्क | १० | |
| ९ | सिकाई उपलब्धि | शै.स. २०८१/०८२ को सिकाई उपलब्धि औसत २ सम्मकोलाई ५ अङ्क, ३ सम्मको ७ अङ्क र ३ भन्दा माथिलाई १० अङ्क | १० | |
| १० | गणित विषयको औसत ग्रेड प्वाइन्ट | शै.स. २०८१/०८२ को गणितको ग्रेड औसत १.५ भएमा ३ अंक र सो भन्दा माथी भए ५ अंक | ५ | |
| | | जम्मा | १०० | |

प्र.अ. को नाम थर
हस्ताक्षरः
मितिः
विद्यालयको नाम र छापः

वि.व्य.स. अध्यक्षको नाम थरः
हस्ताक्षरः
मितिः

उत्कृष्ट शिक्षक छनौटका आधार तथा मापदण्डहरुः

| क्रसं | विवरण | आधार | पूर्णाङ्क | प्राप्तांक |
|---|---|---|---|---|
| १ | कार्य अनुभव | ५ वर्ष सम्मको ५ अङ्क, ७ वर्ष सम्मको ७ अङ्क, र सो भन्दा माथि १० अङ्क | १० | |
| २ | शैक्षिक उपलब्धी | आफूले अध्यापन गर्ने विषयको पछिल्लो ३ वर्षको औसत जीपीए १.५ सम्म भए १०, २ सम्म भए १५ र २ भन्दा माथि भए २० अंक | २० | |
| ३ | शैक्षिक योग्यता | न्यूनतम शैक्षिक योग्यता भए ५ अङ्क र माथिल्लो शैक्षिक योग्यता भए १० अङ्क | १० | |
| ४ | विशेष जिम्मेवारी | विशेष जिम्मेवारी नलिएको भए ५ अङ्क र लिएको भए १० अङ्क | १० | |
| ५ | प्रवर्धनात्मक कार्यहरु | शिक्षकले गरेका प्रवर्धनात्मक काम सङ्ख्या बढीमा ५ वटा १० अङ्क (प्रति प्रवर्द्धनात्मक २ अङ्क) | १० | |
| ६ | अध्ययन अनुसन्धान | आफूले अध्यापन गर्ने विषयमा पछिल्लो ३ वर्षमा गरेका अनुसन्धान ३ सम्म भए ५ अङ्क सो भन्दा बढी भए १० अङ्क | १० | |
| ७ | सुचना तथा सञ्चार प्रविधिको प्रयोग | सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न नसक्ने भए शुन्य अङ्क, आफूले मात्र जानेको तर कक्षाकोठामा प्रयोग नगरेको भए १० अङ्क र कक्षाकोठामा प्रयोग गरेको भए २० अङ्क | २० | |
| ८ | कक्षाकोठा व्यवस्थापन | नियमित गृहकार्य परीक्षण, मासिक जाँच र एकाई जाँच जस्ता सूचक सबै प्राप्त भएमा १० अङ्क, कुनै दुई मात्र सूचक प्राप्त भएमा ५ अङ्क र कुनैपनि नभएमा शुन्य अङ्क | १० | |
| | | जम्मा | १०० | |

शिक्षकको नाम थरः

तहः

श्रेणीः

हस्ताक्षरः

प्र.अ. को नाम थर

हस्ताक्षरः

मितिः

विद्यालयको नाम र छापः